म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४१ आइतबार २३ भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 8 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सर्पको टोकाईबाट बचौ**

- घरवरिपरि सफा राखौ, प्वालहरु टालौ,
- झाडी एवं खुलास्थानमा शौच नगरौ,
- खाली खुट्टा नहिंडौ, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौ,
- सम्भव भएसम्म खाटमा सुतौ,
- सुत्दा झुलको प्रयोग गरौ,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौ,
- राती हिंड्दा टर्च लाईटको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं,

यदि सर्पले टोकेमा नजिकको सर्पदंश केन्द्र वा अस्पतालमा लैजाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरमा एकवर्षमा २९० जना हराए, ४८ जना अझै भेटिएनन्

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८०/८१ भित्र मकवानपुरमा एक वर्षको अवधिमा मात्रै २ सय ९० जना हराएको उजुरी परेको छ ।

हराएकामध्ये ४८ जना अझै नभेटिएको प्रहरी तथ्यांक छ । हराएको उजुरी दिनेले मानिस फेला परेपछि प्रहरीलाई जानकारी नगराउने कारण पनि छन् । जसकारण पनि हराएकाहरु नभेटिने सूचिमा रहने गरेको प्रहरीको अनुमान छ । मकवानपुरमा गत आवमा २ सय ४२ जना फेला परेका थिए । गत आवमा १ सय ७० जना महिला ८४ बालिका हराएका थिए । जसमध्ये १९ जना बालक एवम् १७ जना ज्येष्ठनागरिक हराएको प्रहरीले जनाएको छ । ८४ जना हराएका बालिकामध्ये ७८ जना फेला परेको र ६ जना अझै बेपत्ता छन् ।

१ सय ७० जना महिला हराएकामा १ सय ३४ जनामात्र फेला परेको र ३६ जना अहिलेसम्म फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालय हेटौंडाका प्रहरीउपरीक्षक सीताराम रिजालले बताए । गत आवमा १९ जना बालक हराएकामा १८ जना फेला परेको र एक जना अझै फेला नपरेका एसपी रिजालले बताए । १७ जना ज्येष्ठनागरिक हराएकामा १४ जनामात्र फेला परेको र ५ जना फेला पार्न नसकेको प्रहरीले जनाएको छ ।

जिल्लामा एक वर्षमा विवाहित १३ जनासहित १५ जना महिला अहिले यसरी बेपत्ता भएको प्रहरी रेकर्डले देखाउँछ । हराएकोले खोजी गरिदिन भन्दै उनीहरुका पति, ससुरालगायतका परिवारले प्रहरीले उजुरी दिने गरेका छन् । मकवानपुरको बकैया गाउँपालिकाको विकट क्षेत्र १ नम्बर वडाको धियालकी विवाहित २८ वर्षीया सुन्तली लामा र बागमती गाउँपालिका-२ की २१ वर्षीया मुना वाइबा घरबाट हेटौंडा घुम्न आएको ९ महिना बितेको अझै भेटिएका छैनन् । पुस २० मा उनीहरु घुम्न भन्दै घरबाट हेटौंडा निस्केका हुन् । बुहारीहरु घर फर्केनन् भनेर दुवैका ससुराले प्रहरी कार्यालय हेटौंडाको महिला सेलमा निवेदन दिए । निवेदन दिएको ८ महिनासम्म उनीहरुको अत्तोपत्तो छैन ।

भीमफेदीकी २४ वर्षीया विवाहित ठूलीमाया विक पनि बेपत्ता भएको ११ महिना भइसक्यो । उनका पतिले प्रहरीलाई खोजबिन गरिदिन निवेदन दिएका छन् । पति सुमन विक मलेसियाबाट काठमाडौं उत्रिएकै दिनदेखि ठूलीमाया घरबाट बेपत्ता भएकी हुन् । दुई र चारवर्षका दुई छोरालाई छाडेर उनी बेपत्ता भएकी हुन् । आफूले विदेशमा कमाएर पठाएको सबै पैसा लिएर उनी बेपत्ता भएको पतिको आरोप छ ।

हेटौंडाको बसामाडीकी १९ वर्षीया सुनिता घिमिरे विदेश जान्छु भनेर हिंडेको ७ महिना बितिसक्दा पनि परिवारसँग सम्पर्क हुन सकेको छैन । बाबु कृष्णबहादुर घिमिरे छोरी फर्किने बाटो हेरिर हन्छन् । छोरीको खोजबीन गरि दिन जिल्ला प्रहरी कार्यालय हेटौंडामा निवेदन दिइसकेको उनले बताए । वैदेशिक रोजगारीका निम्ति साढे एक वर्षअघि कतार पुगेका मकवानपुरगढी सुकौराका लक्ष्मण ब्लोनकी पत्नी पनि ९ महिनाअघि




घरबाट बेपत्ता भएकी छिन् । उनका ससुराले जिल्ला प्रहरी कार्यालय हेटौंडामा खोजबीन गरिदिन निवेदन दिएका छन् ।

महिला मात्र नभई बालबालिका पनि धेरै हराएको प्रहरीको तथ्यांकले देखाउँछ । मनहरी गाउँपालिका-४ का २ बालक र एक बालिका माघ १५ गतेदेखि हराएका छन् । घरबाट हेटौंडा बजार घुम्न आएका तीन बालबालिका अहिलेसम्म घर फर्केका छैनन् । गत फागुन महिनामा मात्रै ५ बालिकासहित ७ जना बालबालिका हराएको नेपाल प्रहरीको महिला सेलले जनाएको छ ।

यसैगरी, बागमती प्रदेशको उपत्यकाका तीन जिल्ला बाहेक १० जिल्लामा गत आवमा महिला, बालबालिका र ज्येष्ठनागरिक गरी १ हजार ३ सय ४५ जना हराएका थिए । हराएकामध्ये १ हजार १ सय ६५ जना फेला परेका छन् भने १८० जना अझै बेपत्ता छन् । उपत्याका बाहिरका १० जिल्लामा गत आवमा ७ सय ६७ जना महिला हराएका थिए, तीमध्ये ६ सय ४७ जना फेला परे भने १ सय २१ जना अझै बेपत्ता छन् ।

आव २०८०/८१ मा ३ सय ८५ बालिका हराएकामा ३ सय ५५ जना फेला परेको प्रहरी प्रहरी कार्यालयले जानकारी दिएको छ । ३० जना अझै हराइरहेको प्रहरीले जनाएको छ । १ सय २० जना बालक हराएकामा १ सय ६ जना फेला परेका छन् भने १४ जना सम्पर्कविहीन छन् । ७३ जना ज्येष्ठनागरिक हराएकामा ५८ जना फेला परेका छन् भने १५ जना अझै हराएको प्रहरीले उल्लेख गरेको छ ।

प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार चितवनमा गत आवमा १ सय ८८ जना महिला, १ सय २२ जना बालिका र २२ जना ज्येष्ठनागरिक हराएका थिए । र सुवामा गत आवमा महिला, बालबालिका र ज्येष्ठ नागरिक गरेर २२ जना हराएका थिए । धादिङमा ४८ जना महिला, २१ जना बालबालिका र ज्येष्ठनागरिक २ जना, नुवाकोटमा गत आवमा १ सय २५ जना, काभ्रेमा १ सय ५० जना हराएको प्रहरी प्रहरी कार्यालयले जानकारी दिएको छ ।

सिन्धुलीमा १२१ जना हराएकोमा १ सय १५ जना फेला परेको, दोलखामा ६२ जना हराएकामा ५२ जना फेला परेको, रामेछापमा महिला, बालबालिका र ज्येष्ठनागरिक गरी ४२ जना हराएकोमा ३२ जना फेला परेको र सिन्धुपाल्चोकमा ९७जना हराएकामा ८६ जना फेला परेको प्रहरीको तथ्यांकमा छ ।

प्रहरी कार्यालयको सूचीमा बेपत्ता भनिएकाहरु पनि घरमा आइसकेका होलान् तर, कार्यालयलाई जानकारी नदिएका कारणले हराउनेको सूची धेरै देखिएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय हेटौंडाका प्रहरी उपरीक्षक रिजालले बताए ।

महिला र बालबालिका बेपत्ता हुनेक्रम बढ्दो रहेको बताउँदै बालबालिकाक्षेत्रमा काम गर्दै आएका प्रकाश खतिवडाले महिला र बालबालिकालाई कता लगेर बेपत्ता पार्छन् भन्ने रहस्य पत्ता लगाउन मुस्किल परेको बताए । महिला र बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर विदेशमा लगेर बिक्री गर्ने गरेको बालबालिकाको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको सिविन हेल्पलाइनका प्रमुख झविन्द्र ज्ञवालीले बताए ।

# हेटौंडामा निजामती सेवा दिवस: कर्मचारी प्रणालीमा सुधारको खाँचो

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ हेटौंडामा निजामती सेवा दिवस-२०८१ मनाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको कार्यक्रममा कर्मचारी प्रणालीमा सुधारको खाँचो रहेको सरकारी अधिकारीहरुले औंल्याएका छन् ।




बागमती प्रदेश सरकारका प्रमुखसचिव गोविन्दबहादुर कार्कीले कर्मचारीतन्त्रको विकल्प नरहेको तर, यसमा सुधारको आवश्यक रहेको बताए । निजामती सेवा दिवस २०८१ को अवसरमा प्रदेश सरकारको आयोजनामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै सचिव कार्कीले सुधारिएको कर्मचारी प्रशासन प्रणाली नै कर्मचारीतन्त्रको उपयुक्त विकल्प भएको बताएका हुन् ।

सेवाप्रवाह, कानुन निर्माण तथा विकासका काममा निजामती कर्मचारीको महत्वपूर्ण भूमिका रहेको उनको भनाई छ । कर्मचारी क्षेत्रमा रहेका केही कमीकमजोरीका कारण प्रशासन प्रणाली माथि नै प्रश्न उठिरहेको उनले बताए ।

प्रमुखसचिव कार्कीले कर्मचारी प्रशासनमा सङ्क्रमण रहेको बताए । सङ्क्रमणको अवधि कहिलेसम्म रहने थाहा नहुँदा कर्मचारी प्रशासनमा द्विविधा रहेको उनले बताए ।

कर्मचारी प्रशासनको सुधारको प्रयत्न भइरहेको उनको भनाई छ । कर्मचारी प्रशासनको सुधार अरुबाट भन्दा पनि आफैबाट सुरु गर्नुपर्ने उनले बताए । संघीय प्रणाली लागु भएको ७ वर्षको अवधिमा पनि संघीय निजामती ऐन आउन नसक्नु दु:खद भएको प्रमुखसचिव कार्कीको भनाई छ । प्रदेश सरकारले बनाएका निजामती ऐनसँग हाल कार्यान्वयनमा रहेको र केही विषयहरु संघीय ऐनसँग बाझिँदा असर पुगेको सचिव कार्कीले बताए ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले कर्मचारीले सुशासनमा ध्यान दिन नसकेको बताए । विभिन्न समयमा लाग्ने गरेको कर्मचारीहरु सिर्जनशीलताको अभावको आरोप उनले खण्डन गरेका छन् ।

यसैगरी, व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन भन्ने नाराकासाथ मनाइएको निजामती सेवा दिवसका अवसरमा कविता प्रतियोगिता गरिएको थियो । कार्यक्रममा प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने क्रमश: सानुबाबु खनाल, रुद्रप्रसाद शर्मा र गोपिनी गौतमलाई पुरस्कृत समेत गरिएको थियो ।

HetaudaCityCollege.edu.np

ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS

Register Now

HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# द्रुतमार्गले जगाउँदै गरेको उत्साह

मुलुकमा केही पनि भएन भनेर चिन्तामा रहेका नागरिकलाई काठमाडौं-तराई द्रुतमार्गको निर्माणले थोरै भएपनि आशाबादी बनाएको छ । निर्धारित मिति र रकममा काम सम्पन्न हुन नसक्नु अर्को पाटो हो तर, थोरै भएपनि उत्साह भने देखिएको छ । ४ वर्षमा काम सम्पन्न गरी काठमाडौंबासीलाई पिउने पानी उपलब्ध गराउन थालेको मेलाम्ची खानेपानी आयोजना सम्पन्न हुन तीन दसक भन्दा बढी समय लगाइयो । सरकारले काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजना निर्माणका लागि मकवानपुरमा राष्ट्रिय वनको झण्डै ५२ हेक्टर जग्गा प्रयोगका लागि स्वीकृति दिने भएको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले मकवानपुरको क्षेत्रमा ५१ दशमलव ८७ हेक्टर जग्गा प्रयोगका लागि द्रुतमार्गलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । सरकारले यसअघि ६ भदौमा बसेको मन्त्रिपरिषद् बैठकबाट द्रुतमार्गलाई मकवानपुरको क्षेत्रमा ३३ हजार ९७५ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो । आयोजनाको लागि जग्गाप्राप्ति गर्ने, जग्गा नापनक्सा र स्रेस्तामिलान गर्ने, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्ने, राष्ट्रिय वन प्रयोग गर्ने वा रुख कटान गर्न स्वीकृति दिने, आयोजनाको लागि आवश्यक बजेट निकासा दिने, लेखापरीक्षण गर्ने लगायत कामकारबाहीका सम्बन्धमा आयोजना प्रमुखबाट अनुरोध भई आएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो काम कारबाही गरिदिनु पर्ने कार्यबिधि बनाइएको थियो । निर्माणाधीन द्रुतमार्गको मकवानपुरक्षेत्रमा यतिबेला धमाधम काम भइरहेको छ ।

बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकामा नेपाली सेनाले ठेक्का लगाएर अग्ला पुल र सुरुङमार्ग निर्माण गरिरहेको हो । राज्यको उच्च प्राथमिकतामा परेको परियोजनाका रुपमा मकवानपुरको बकैया गाउँपालिकामा पर्ने द्रुतमार्गको २१ साउनमा धेद्रे सुरुङ दुवैतर्फ 'ब्रेक थ्रु' अर्थात् छेडिएको थियो । सुरुङ ब्रेक थ्रु भएसँगै सम्भावनाको ढोका खुल्दै गएको बताइएको छ । यसअघि बकैया गाउँपालिकामै पर्ने लेनडाँडाका दुबै सुरुङको गत जेठमै ब्रेक थ्रु भइसकेको थियो । ७० दशमलव ९ सय ७७ किलोमिटर लामो द्रुतमार्गमा कुल १० दशमलव ३ सय ९ किलोमिटर सुरुङमार्ग रहेको छ । यसमध्ये धद्रे सुरुङ १ हजार ६ सय ९१ मिटर लामो छ । यस आयोजनामा ६ स्थानमा सुरुङ बन्दैछन् । मकवानपुरकै महादेवटारमा काठमाडौं छिर्ने र काठमाडौंबाट निजगढ जाने २ वटा सुरुङ खनिँदैछ । द्रुतमार्गको सुरुङ निर्माणकार्यमा देखिएको प्रगतिलाई मुलुक सुरुङमार्गको युगमा प्रवेश गरेको आमनागरिकले अनुभूति गर्न थालेका छन् । काठमाडौंबाट निजगढततर्फ आउने सुरुङ ३ हजार ३ सय ८६ मिटरमध्ये २ हजार २ सय ८८ मिटर खनेर सकिएको छ । निजगढबाट काठमाडौंतर्फ आउने सुरुङको ३ हजार ३ सय २२ मिटरमध्ये २ हजार २९ मिटर खनिएको छ । सैनिकप्रवक्ता एवम् सहायकरथी गौरवकुमार केसीका अनुसार ६ सुरुङमध्ये ३ वटाको ठेक्का लागेर काम भइरहेको छ । जसमध्ये सबैभन्दा लामो ३ हजार ३ सय ५५ मिटर लामो सुरुङ महादेवडाँडामा बन्दैछ । जसको ६५ प्रतिशत काम सम्पन्न भइसकेको नेपाली सेनाले जनाएको छ ।

द्रुतमार्ग आयोजनाको समष्टिगत प्रगति भने ३६ प्रतिशत पुगेको सेनाले जानकारी दिएको छ । २१ बैशाख २०७४ को मन्त्रीपरिषद् निर्णयअनुसार काठमाडौं-तराई द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाइ दिएको हो । जसलाई सेनाले विभिन्न प्याकेजमा ठेक्का लगाएर काम गरिरहेको छ । अहिले ६ दशमलव ५ किलोमिटरदेखि ७० दशमलव ९ सय ७७ किलोमिटर सडक खण्डमा काम भइरहेको छ । खासगरी पूर्वी तथा मध्यतराईबाट कम समय र छोटो दूरीमा देशको राजधानी काठमाडौंसँग सडकसञ्जालले जोड्ने समृद्धिको आकांक्ष तथा उद्देश्य बोकेको आयोजनाप्रति नेपाली जनताको ठूलो आशा र भरोसा रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा सुरु भएको द्रुतमार्ग आयोजना पछिल्लोपटकको म्यादथप गर्दा २०८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ललितपुरको खोकनाबाट सुरुभई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढमा पुगेर पूर्वपश्चिम राजमार्गमा जोडिने द्रुतमार्गको लम्बाइ ७६ किलोमिटर छ । आयोजना निर्माणको क्रममा कुनै निर्माणसामग्री, साधन वा उपकरण तत्काल उपलब्ध नभएको कारण निर्माण कार्यमा कठिनाई भएमा वा तोकिएको समयमा आयोजना सम्पन्न गर्न कुनै बाधा परेमा यसको समाधानको लागि आवश्यक पहल गर्ने तथा आवश्यकता अनुसार समस्या समाधानको लागि निर्देशक समिति समक्ष पेश गर्ने गरी आयोजना संचालनसम्बन्धी कार्यबिधि निर्माण गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २४ गते सोमबार ९ सेप्टेम्बर २०२४ । षष्ठी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४७, सूर्यास्त ६:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# वृद्धावस्थाको एक्लोपन र अन्तरपुस्ता एकता



✍ डा. कैलाश तिमिल्सिना

अध्ययन र कामको सिलसिलामा लामो समय जन्मथलोदेखि टाढा रहनुपर्ने बाध्यता रह्यो । पारिवारिक भेटघाटका लागि दशैं नै कुर्नुपर्ने । यसै दौरानमा छोरो जन्मियो । उसको पालनपोषणका लागि केही समय त आमा हामीसँगै रहनुभयो । तर छोरो विद्यालय जान थालेपछि आमा गाउँ नै फर्किनुभयो । सायद आमाप्रति केही सामीप्यता रहेछह कहिलेकाहींको भेटमा आमालाई 'आमा' नै भनी सम्बोधन गर्थ्यो। तर, बालाई 'बाबाको बा' भनेर सम्बोधन गर्थ्यो । सायद आमा जस्तै बासँग पनि सामीप्यता भएको भए, उसको बालमस्तिष्कमा प्रेमिल छाप परेको भए, बा पनि 'बाबाको बा' बन्नुहुने थिएन होला ! यो प्रतिनिधि उदाहरणले समाजमा पारिवारिक सम्बन्धहरू कमजोर बन्दै गएका र परिवारका सदस्यहरू टाढिने क्रम झन् घनीभूत हुँदै गइरहेको पुष्टि गर्छ ।

हालसालै जापानमा एक्लो अवस्थामा सन् २०२४ को आधासम्म करिब ४० हजार व्यक्तिको मृत्यु भएको खबर पढें । प्रत्येक १० मध्ये एक जनाको शव एक महिनापछि फेला पारिएको बताइएको छ । मृत्युपछि १०० जनाभन्दा बढीको अवस्था एक वर्षसम्म थाहा हुन नसकेको प्रहरीले सार्वजनिक गरेको छ । वृद्धवृद्धाहरूको संख्या बढिरहेको जापानमा मानिसहरूमा एक्लोपनको समस्या बढ्दै गएको तथ्यांक्ले देखाउँछ । यो समस्यासँग जुध्ने प्रयासस्वरूप २०२४ को अप्रिलमा जापान सरकारले एउटा विधेयक पनि ल्याएको थियो ।

नेपालको सन्दर्भमा परम्परागत रूपमा संयुक्त परिवार प्रणाली प्रभावकारी थियो, जहाँ विभिन्न पुस्ताका व्यक्तिहरू एउटै छानामुनि बस्ने गर्थे । यस्तो परिवार प्रणालीले विशेषगरी महिलाहरूलाई वृद्ध नागरिकहरूको हेरचाह र सहयोगको भूमिका दिन्थ्यो । यसले बालबालिकालाई आफ्ना हजुरबा-हजुरआमाबाट ज्ञान र अनुशासन सिक्न मद्दत गर्दथ्यो । तर, हालका दिनमा संयुक्त परिवार प्रणालीले सानो परिवारमा विभाजन भई, परिवारका सदस्यहरू राम्रो जागिर, शिक्षा र जीविकोपार्जनको खोजीमा विभिन्न ठाउँमा फैलिन थालेका छन् । महिलाहरूको भूमिकामा पनि परिवर्तन आएको छ, उनीहरू घरेलु कामबाट बाहिर निस्केर आम्दानीजन्य कार्यहरूमा लाग्न थालेका छन्, जसले वृद्ध नागरिकहरू एक्लै बस्न बाध्य भई एक्लोपनको शिकार भएका छन् । यसका साथै, बालबालिकाले आफ्ना हजुर बा-हजुरआमाबाट सिक्ने ज्ञान र अनुशासनको परम्परा पनि क्रमश: हराउँदै गएको छ ।

नेपालका अधिकांश वृद्ध नागरिकहरू ग्रामीण क्षेत्रमा बस्छन् । सांस्कृतिक र परम्परागत रूपमा, यी वृद्धहरूले नातिनातिनाको हेरचाह, गाईवस्तुको गोठालो र केही हस्तकलाका काम गर्छन् । कृषिमा परिवारलाई सहयोग गर्नु उनीहरूको मुख्य जीविकोपार्जनको माध्यम हो । जीवनभरि कृषिमा काम गरेर पनि, उनीहरू गरिबीमा बाँचिरहेका छन् किनकि कृषिमा आधारित जीवनले कुनै बचत वा भौतिक सम्पत्ति जुटाउन सम्भव हुँदैन । जे कमाउँछन्, त्यो उनीहरू आफ्ना बच्चाहरूको शिक्षा र स्वास्थ्य सेवामा खर्च गर्छन् । वृद्ध महिलाहरू, विशेषगरी विधवाहरू, अझ बढी कष्टमा छन् किनकि उनीहरू जीवनभरि आफ्ना श्रीमान्को भौतिक सहयोगमा निर्भर रहन्छन् ।

घरेलु कामलाई नगद वा पैसामा रूपान्तरण गर्न नसक्दा र सांस्कृतिक विभेदका कारण, वृद्ध विधवाहरूले सीमित स्रोतमा बाँच्नुपर्छ र कुनै सहयोगको अपेक्षामा प्रतीक्षा गर्नुपर्छ । यो अवस्था अझ विकराल बन्छ जब ती वृद्ध महिलाहरू विधवा हुन्छन् र उनका सन्तान हुँदैनन्, जसले गर्दा उनीहरूले खाना, कपडा र आश्रय जस्ता आधारभूत आवश्यकताहरूको कमी र मानसिक स्वास्थ्य समस्याहरूह जस्तै एक्लोपन र डिप्रेसनको सामना गर्नुपर्छ ।

संसारमा आर्थिक समृद्धि, प्राविधिक विकास र भौतिक प्रगतिका कारण खर्चयोग्य आम्दानीमा भएको वृद्धिसँगै मानवीय सम्बन्ध पनि नष्टीकरण हुँदै गएको छरु । टाढिँदै गएका परिवारलाई जोड्ने उद्देश्यले मे १५ मा अन्तर्राष्ट्रिय परिवार दिवस हरेक वर्ष मनाइने गरिन्छ । तर एक दिवसीय प्रयास निष्प्रभावी देखिन्छ । वास्तवमा परिवार, समाजको प्रारम्भिक प्रारूप पनि हो । परिवारले एकअर्कालाई जोडेर राख्नुका साथै हरेक सदस्यका सुख-दु:खलाई महसुस गराउँछ । युवा पिंढीमा परिवारप्रतिको महत्वलाई बुझाउन र मजबुत सम्बन्ध स्थापित गर्न सदस्य बीचको भौतिक सामीप्यता अनिवार्य छ ।

समय बलवान् छ । आफ्नै गतिमा चलिरहन्छ । संसारको कुनै पनि शक्तिले यसलाई रोक्न सक्दैन । समय स्वयंकै आयु हुन्छ/हुँदैन, तर सत्य के हो भने समयसँगै मानिस वृद्ध हुन्छ । ऊ विस्तारै शारीरिक, मानसिक र मनोवैज्ञानिक रूपले कमजोर हुन्छ । समयको प्रवाहसँगै उमेर बढ्छ, जवानी चढ्छ, ढल्कन्छ, अनि मान्छे बुढो हुन्छ । मानव जीवनको उत्तरावस्था पनि हो, वृद्धावस्था । वृद्धावस्थामा कुनै पनि व्यक्तिको बानी व्यवहार, सोच, विचारमा परिवर्तन हुन्छ । शारीरिक र मानसिक रूपमा कमजोर बन्छ । दैनिक क्रियाकलापहरू गाह्रो हुन्छ, गर्न सक्दैन । तर, सहारा दिने युवाको स्वदेशमा जीविकोपार्जन नहुने स्थिति छ । जसले विदेशिने क्रम बढ्दो छ । ऊ, परिवार र देश छोडेर विदेशिन बाध्य छ ।

जोखिम नै मोलेर दैनिक आधारभूत आवश्यकता पूरा गर्न वैदेशिक रोजगारीमा विदेशिने 'पुस फ्याक्टर' जबर्जस्त मौलाएको छ । जसका कारण वृद्धावस्थाका अभिभावक विस्तारै एक्लो बन्दैछन्, बनिरहेछन् । एक्लोपन मानसिक रोगको लागि महत्वपूर्ण कारण हुन सक्छ । मानसिक समस्या जस्तोसुकै धर्म, लिंग, उमेर, जाति, पेशा, वर्ण तथा सामाजिक अवस्थाको मानिसहरूलाई हुन सक्छ । नेपालमा वृद्धावस्था सम्बन्धी समस्या भएका मानिसहरूलाई हेर्ने दृष्टिकोण सकारात्मक हुन नसकेकोले मानसिक बिरामीहरूलाई उपचार गर्न थप चुनौती भएको देखिन्छ । एक्लोपनाको समयमै उपचार गरेमा यसका जटिलताको न्यूनीकरण गर्न सकिन्छ ।

परिवारबाट टाढिएका हामी एक्लोपनलाई कुनै समस्याको रूपमा बुझ्दैनौं । सिर्जित मानसिक तथा मनोवैज्ञानिक समस्याको रूपमा स्वीकार पनि गर्दैनौंरु। छिमेकीलाई चिन्दैनौंरु। उस्तै परे परिवारका सदस्यलाई पनि चिन्दैनौं । तालिकाबद्ध कार्य व्यस्तता हुने हामी बिदामा घरभित्रै बस्न रुचाउँदैनौं । जसले पत्तै नपाई एक्लो रहने रोग (लोन्ली इन ड्राउन सिन्ड्रोम) को शिकार हामी भइसकेका हुन्छौं । हाम्रा वृद्ध बा-आमालाई एक्लो बनाएका छौं । हामीलाई वृद्ध आमाबाबु र हुर्केका बच्चाहरूसँग कुराकानी गर्न समय छैनरु । जसले हाम्रा बच्चाको वृद्ध आमाबाबुप्रतिको प्रेम कमजोर हुँदै गइरहेको छ ।

श्रीमान् वैदेशिक रोजगारमा जान्छ, श्रीमती बच्चा पढाउने नाउँमा शहर पस्छिन् । अनि गाउँ युवाविहीन छ । त्यसैले कैयौं वृद्ध एक्लै बस्न बाध्य छन् । उनीहरूले साथी, छिमेकी वा परिवारको सदस्यसँग भौतिक सामीप्यता विनै समय बिताउन बाध्य छन् । जसले वृद्ध सामाजिक रूपमा अलग बन्दैछन् । कारण कमजोर हुनु, आफ्नो परिवारको केन्द्र नबन्नु, कार्यस्थल छोड्नु, पति/पत्नी र साथीहरूको मृत्यु वा बिरामी हुनु, जेसुकै भए पनि, एक्लो र कमजोर महसुस गर्नु शारीरिक स्वास्थ्य र सामाजिक कल्याणमा गम्भीर गिरावट आउनु हो । एक्लोपनमा नकारात्मकताले प्रश्रय पाउँछ, त्यसैले वृद्धका लागि मनोवैज्ञानिक परामर्श अनिवार्य छ ।

नेपालमा वृद्धावस्थाको एक्लोपना सम्बन्धी विषय एकदमै कम अध्ययन भएको तथा राज्यको लगानी नभएको विषय हो । विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा २५ प्रतिशत मानिसलाई कुनै न कुनै प्रकारको मानसिक समस्या भएको तथ्य देखाएको छ । जसको महत्वपूर्ण हिस्सा वृद्धावस्थाको एक्लोपना सम्बन्धी समस्याले ओगट्ने गरेको छ ।

गरिबी, वंशाणुगत कारण, सामाजिक पर्यावरण, विकृतिहरू, तनावग्रस्त जीवनशैली, घाउ वा चोटपटक जस्ता कारणले वृद्धावस्थामा थप जटिलता निम्त्याउँछन् । जसले स्वास्थ्य समस्या र उच्च मृत्युको जोखिम बढाउँछ । त्यसैले यो संकटको घडी पनि हो । भावनात्मक र व्यावहारिक सहयोगले स्वास्थ्य चुनौतीको सामना गर्न र समस्याबाट पार पाउन सकिन्छरु । वृद्धावस्थामा विभिन्न रोगले च्याप्छ । शारीरिक र मानसिक रूपमा कमजोर बन्छ । नियमित शारीरिक गतिविधिमा कमि हुन्छ । नियमित चिकित्सा हेरचाह आवश्यक हुन्छ, शारीरिक, मानसिक, आर्थिक, सहारा र सबैभन्दा बढी मनोवैज्ञानिक सहयोग चाहिन्छ ।

यस अवस्थामा आफ्ना सन्तानबाट धेरै आशा हुन्छ । परिवारको सहयोग, हेरचाह र प्रेमपूर्ण व्यवहार, समस्या र चुनौतीको सामना गर्ने बलिया आधार हुन् । बुढ्यौली अवस्थामा शारीरिक, मानसिक, आर्थिक सहारा र सहयोग चाहिन्छ । तर, पेशा-व्यवसायमा तल्लीन छोराछोरी नजिक हुँदैनन् । हाम्रो पूर्वीय संस्कारले वृद्धाश्रमलाई स्वीकारेको देखिँदैन । वृद्धाश्रमले कसैलाई खुसी पनि दिँदैन । तैपनि, वृद्धावस्था पुगेपछि मानिस वृद्धाश्रम जानुपर्ने बाध्यात्मक स्थिति समेत छ । रोजगारीको खोजीमा युवापुस्ता विदेशतिर पलायन हुने विद्यमान नेपाली समाजमा युवाहरू काम, दाम र मामको खोजीमा विदेश पलायन हुने र उचित रेखदेखको अभावमा कैयौं नेपाली घर अघोषित वृद्धाश्रम बनेका छन् ।

मादक पदार्थको सेवन, लागूऔषधको प्रयोग, राजनीतिक कारणले एक्लोपनले समस्यालाई थप मलजल गर्ने काम गरिरहेका हुन्छन् । उचित रेखदेख र स्याहारबाट वञ्चित हुँदा जीवन झन् कष्टकर हुन्छ । वृद्ध जीवन दयनीय अवस्था बन्छ । एक्लोपनमा गलत कुरामा सत्यता खोज्नु, द्विविधा हुनु वा झुक्किनु, धेरै रिसाउनु, दैनिक कार्यहरू पूरा गर्न नसक्नु, निद्रामा गडबडी हुनु जस्ता विषय सामान्य रूपमा देखिन्छन् ।

वृद्धावस्थाको एक्लोपन कुनै क्षेत्र र समुदायका मानिसमा मात्र सीमित छैन । शहरी भीडभाडमा झनै वृद्धको जीवन पिंजडाभित्रको निस्सासिए झैं लाग्छ । अत्यधिक सामाजिक सञ्जाल प्रयोग र कम मानव अन्तरक्रियाले सामाजिक विच्छेद निम्त्याउने तथा शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रतिकूल स्वास्थ्य प्रभाव पारी डिप्रेसनले मृत्युदर बढाउने अवस्था छरु । सम्पत्ति र तागत छउन्जेल सबैको साथ पाउने हिजोका युवा/आजका वृद्ध कमजोर वृद्धावस्थामा दयनीय कारुणिक जीवनयापनका लागि बाध्य छन् ।

स्वास्थ्यकर्मीसँगको परामर्श, सामुदायिक गतिविधिमा हुने उपस्थिति, साथी र परिवार सँगको सामीप्यता, क्लब वा सामाजिक समूहमा सामेल, नयाँ मानिससँगको भेट, सामाजिक सञ्जाल मार्फत हुने सञ्चार, स्व-सहायता र स्वयंसेवकीय व्यवहारले एकांकीपन न्यूनीकरणका लागि अल्पकालीन प्राविधिक र सामाजिक हस्तक्षेप गर्न सक्ने भए पनि दीर्घकालीन समाधानका लागि विद्यालय र विश्वविद्यालय पाठ्यक्रममा नै अभिभावकप्रतिको जिम्मेवारी तथा दायित्व र स्वयं वृद्धको पनि दैनिक जीवन व्यवस्थापन सम्बन्धी विषयहरू समावेश गरी वृद्धावस्था व्यवस्थापनको व्यावहारिक बोध गराउनुपर्ने देखिन्छ । निद्रा नलाग्नु, छटपटी हुनु, मर्ने सोच आउनु, मर्ने प्रयास गर्नु, चिट्चिट् पसिना आउनु, एकदमै डर लाग्नु, एक्लै हुन मन पराउनु, एकोहोरो हुनु, एकदमै गल्ती गरेको महसुस गर्नु, धेरै रिसाउनु, दैनिक कामहरू पूरा गर्न नसक्नु जस्ता समस्या र समाधानका लागि हरेक वृद्धले एक्लोपनको अवस्थाबाट बाहिर आउने प्रयास गर्नैपर्छ ।

मानवीय स्वभाव नै आफ्नो बारेमा अरूसँग खुलेर कुरा गर्ने, राम्रोसँग सुत्ने, स्वस्थ खानपिन, दैनिक शारीरिक कसरत गर्ने, काममा व्यस्त हुनु, अनावश्यक तनाव नलिने, राम्रो साथीहरूसँग मात्र संगत गर्ने हो । जसका लागि उपयुक्त वातावरण तयार गर्न सकिएमा एक्लोपनाका कारण मादक पदार्थ र लागूऔषधको सेवन, स्वास्थ्यप्रतिको बेपर्वाह, अन्य मानसिक समस्याको निराकरण गरी पुनर्स्थापना गर्न सकिन्छ । मतभेदका कारण परिवारका सदस्य कहिलेकाहीं टाढा हुन सक्छन् । तर जब समस्या आइलाग्छ सामूहिक समाधानको बाटो अवलम्बन गर्दा आपसी संवादले दिमाग शान्त हुन्छ । परिवारका सदस्य साथमा हुँदा सबैको आत्मविश्वास बढ्छ । आफूलाई सुरक्षित महसुस गर्छ र घरमा आफूभन्दा तनावरहित हुन्छ ।

वृद्धावस्थामा शान्ति, समुन्नति र आनन्दमय जीवन व्यतीत गर्न शारीरिक र मानसिक समस्याहरू आफू नजिक नआउन् भन्न खातिर सकारात्मक सोच राख्नुपर्छ । जीवनको पूर्वार्धमा सम्पन्न नभएका अधुरा कार्य, इच्छा र आकांक्षाहरू पूरा गर्ने अर्कै भूमिका र ढंगबाट समाज र देशको सेवा गर्ने अवसरको रूपमा यस अवधिलाई लिंदा राम्रो हुन्छ । मानसिक शान्तिको लागि अध्यात्मतिर लाग्नु पनि उपयुक्त नै हुन्छ ।

नोकरीको नियमित कामबाट बिदा भए पनि नयाँ भूमिकामा आफूलाई प्रस्तुत गरिहाल्नुपर्छ । सक्रिय जीवन बिताउनुपर्छ, राम्रोको संगत (सत्संग) गर्नुपर्छ । सम्भव भएसम्म परोपकार गर्ने । कसैको कुभलो नगर्ने । यो संसारमा तिम्रो के छ र ? तिमीले के लिएर आएका थियौ र के लिएर जान्छौ ? आज तिम्रो जे छ त्यो हिजो अरू कसैको थियो र भोलि अरू कसैको हुनेछ ।

केही अपवाद बाहेक, कुनै पनि वृद्धले निश्चित काम वा सेवाबाट अवकाश लिएको हुन्छ । उपार्जनीय क्षेत्रका आफ्नो ऊर्जा, ज्ञान, सीप, क्षमता र दक्षताको उपयोग गरेर राष्ट्रका लागि महत्वपूर्ण योगदान पुर्‍याएको हुन्छ । उमेर ढल्कँदै जाँदा स्वाभाविक रूपमा उसको शारीरिक र मानसिक क्षमतामा क्रमश: ह्रास भए पनि अनुभव र बौद्धिक ज्ञानले खारिएको हुन्छ । त्यसैले राज्यले विभिन्न क्षेत्रबाट खारिएका परिपक्व ब्रेनहरूलाई रणनीतिक व्यवस्थापन गरी राष्ट्र निर्माणमा उपयोग गर्नुपर्दछ । र व्यक्ति अवकाश पछिको जीवनलाई निरर्थक र बोझपूर्ण हुनबाट जोगाउन बेलैमा विचार पुर्‍याउनुपर्छ । हिजोको समय बितिसक्यो, भोलि कसैले देखेको छैन, त्यसैले आजको समय आनन्दका साथ जिउनुपर्छ ।

शक्ति र सामर्थ्य हुन्जेल पारिवारिक कल्याणका लागि सकारात्मक पहल गर्ने साझा संकल्प सबैमा हुन्छ । आयआर्जनमा आवद्ध भएका हुन्छन् । सबैको एउटै लक्ष्य पारिवारिक कल्याण हुन्छ र रहन्छ । त्यसैले आफ्नो ऊर्जाशील समयमा पारिवारिक साझा लक्ष्य प्राप्तिका लागि एकताबद्ध हुने अग्रज लिडरहरूका सकारात्मक कार्य र मार्गदर्शनलाई पछ्याउँदै बाँकी जीवनमा शतप्रतिशत साथ, समर्थन र सहयोग गर्ने प्रतिबद्धता गरौं । वृद्धावस्था व्यक्ति मात्र नभई जैविक संस्था पनि हो । संस्था सफल, सबल र सुदृढ बनाउन निरन्तर लागिरहने प्रण गरौं ।

अन्त्यमा, नेपालमा विद्यमान पारिवारिक संरचना र अन्तरपुस्ता सम्बन्धको विश्लेषण गर्दा सकारात्मक दृष्टिकोण राख्न चुनौतीपूर्ण छ । गाँस बासको जोहोका लागि विदेशिनुपर्ने बाध्यता, स्रोतको कमी, राजनीतिक अस्थिरता र भौगोलिक बाधाहरूले परिवारको रणनीतिक व्यवस्थापन र आर्थिक उपार्जनलाई कठिन बनाएको छ । यी सबै समस्याहरूका बाबजुद, पारिवारिक जीवनशैली हाम्रो संस्कृतिको अभिन्न अंग हो, र यसलाई सुदृढ पार्न विशेष पहल आवश्यक छ ।

समाजमा वृद्ध नागरिकहरूको संख्या बढ्दै गर्दा अन्तरपुस्तीय एकता अझै महत्वपूर्ण बन्दै गएको छ । पारिवारिक जीवनशैलीमा विशेषगरी, अन्तरपुस्तीय सद्भावको महत्व पुन:स्थापित गर्न आवश्यक छ । यसका लागि, नीतिगत तहमा गम्भीर समीक्षा गरी न्यूनतम रोजगारीका अवसरहरू सिर्जना गर्न र अन्तरपुस्तीय एकता सुदृढ पार्न सक्षम नीतिहरू विकास गर्नुपर्ने देखिन्छ ।

अन्तरपुस्ता कार्यक्रमहरू, जसले वृद्ध र युवाहरूलाई साझा गतिविधि मार्फत जोड्छन्, पुस्ताहरूबीचको खाडललाई घटाउन र पारिवारिक एकता पुन:स्थापित गर्न महत्वपूर्ण हुन्छन् । यस्ता कार्यक्रमहरूले न केवल पुस्ताहरूबीचको सम्बन्ध सुधार्न मद्दत गर्दछ, तर वृद्ध नागरिकहरूलाई सम्मानजनक जीवन बिताउन र युवाहरूलाई परम्परा, मूल्य र अनुशासनमा आधारित शिक्षामा पुन: जोड्न पनि सहायक हुन्छ । नयाँ पुस्तालाई वृद्ध पुस्ताबाट सिक्ने, ज्ञान र अनुशासन प्राप्त गर्ने अवसर प्रदान गर्नुपर्ने आवश्यकता छ । यसले पारिवारिक सम्बन्धहरूलाई बलियो बनाउने मात्रै होइन, सामाजिक संरचनाको दीर्घकालीन सुदृढीकरणमा पनि टेवा पुर्‍याउँछ । समृद्ध र सन्तोषपूर्ण वृद्धावस्थाको सुनिश्चितता गर्न, पुस्ताबीचको सद्भावलाई बलियो बनाउन र अन्तरपुस्तीय एकताको महत्वलाई पुन:स्थापित गर्न प्रभावकारी नीति र कार्यक्रमहरूको विकास गर्न आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# तीजको मौलिक-सांस्कृतिक प्रवर्द्धनमा हाम्रो भूमिका

✍ नीमा घिताल

नेपाल विविध सांस्कृतिक पर्वहरुको देश हो । विविधतामा एकता नेपालको विषेशता मानिन्छ । विभिन्न पर्वहरुमध्ये हरितालिका तीज पनि एक हो । नेपाली महिलाहरुको महान् चाडको रुपमा मनाइने यो पर्वको निकै ठूलो धार्मिक, सांस्कृतिक महत्व छ । यो पर्वको मौलिकता बचाउनु आजको आवश्यकता देखिन थालेको छ । बचपनदेखि हालसम्म आइपुग्दा यो पर्वको विविध अनुभव र अनुभूति प्राप्त भएको छ । आज पनि त्यो तीज र पञ्चमीको याद आउँछ । तीजको दिन नदी वा खोलामा गएर नुहाई, शुद्ध भई, साँझमा पातीको गौरा (पार्वती) बनाई पूजा-आराधना सबैले गरिन्थ्यो । रातभरि भजन-कीर्तन गरिन्थ्यो । पञ्चमीमा आमाहरु पुजा बसेको ठाउँमा टीका लगाई प्राप्त हुने पाँच, दश र पच्चीस पैसाको कति महत्व थियो । त्यो बेलाको तीजको मज्जा नै बेग्लै थियो ।

हरितालिका तीज आफ्नो सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्पराअनुसार शिवपार्वतीको उपासना, पूजा र आराधना गर्दै हरेक वर्ष भाद्र शुक्ल तृतीयाको दिन मनाइन्छ । राज्य व्यवस्था, नागरिक स्वतन्त्रता, नागरिकको चेतना स्तर, सामाजिकीकरणमा आएको व्यापकताले तीज उत्सव मनाउने प्रचलन घर-परिवारमा मात्र सीमित देखिँदैन । यो एउटा सम्बन्ध विस्तारको अवसर पनि हो । पर्वको मौलिक, सांस्कृतिक पक्षलाई बेवास्ता गरेर तडकभडक गरी गहना-कपडाको बढी प्रतिस्पर्धा हुँदै जाँदा यो पर्व विकृत भयो भन्ने आलोचना पनि सुनिदै छ । यो राम्रो हुँदै होइन ।

पर्व संस्कार-संस्कृति सबैका साझा हुन् । सबैले उल्लासमयरुपमा मनाउनुपर्दछ । सामाजिक, सांस्कृतिक, आर्थिक, भावनात्मकरुपमा विचलन ल्याउने गरी प्रदर्शन हुनु पनि हुँदैन । हुनेखाने र हुँदा खानेबीचको खाडल गहिरो बन्ने गरी क्रियाकलाप गर्नुहुँदैन । तीज पर्वसँग जोडिएका विभिन्न आयामहरु छन् । सामाजिक, सांस्कृतिक, धार्मिक, पौराणिक, भावनात्मकजस्ता आयाममा तीज जोडिएको छ । सबै आयामको आ-आफ्नै महत्व पनि छ । समाजिक सद्भाव : सामूहिकतामा रमाउने, घर-परिवार, साथीसंगी जम्मा भएर सृजनात्मक एवं चेतनामूलक गीत गाउने, सामाजिक सद्भाव कायम गर्ने कुरामा तीज पर्व महत्वपूर्ण मानिन्छ । अहिले विभिन्न समूह, संघसंस्थालगायत विभिन्न कार्यालयले कामकाजी दिदीबहिनीहरुका लागि तीज मिलन कार्यक्रम आयोजना गरी तीजको मौलिकता प्रवर्द्धनमा सचेतसमेत गर्न थालेका छन् । यसले पर्वको मूल्य-मान्यता जोगाई सामाजिक अभिवृद्धिमा राम्रो भूमिका खेल्ने हुन्छ । तर पर्वको नाममा विकृति बढ्दै जानु भने कदापि राम्रो होइन । धार्मिक, सामाजिक, सांस्कृतिक महत्व बोकेको तीजको मौलिकतालाई बुद्धिजीवी वर्ग, सचेत नागरिकहरुले समृद्ध र परिमार्जित गर्दै जानुपर्दछ ।

धार्मिकता : तीज मुख्यतया देवी पार्वतीको तप, ध्यान, समर्पण र प्राप्तिमा समर्पित छ । भगवान् शिवसँग उनको मिलन भएको सन्दर्भमा नेपाली हिन्दु नारीले यो पर्व उल्लासका साथ मनाउँछन् । यो महिलाहरूले आफ्नो पतिको मात्र नभई आफू, आफ्नो परिवारको दीर्घायु र समृद्धिको लागि गरिनुपर्दछ । तीजका दिन शिव-पार्वतीको विषेश पूजा गरिन्छ । देशका विभिन्न स्थानमा रहेका शिव मन्दिरहरुमा दर्शनार्थीहरुको घुइँचो लाग्ने गर्दछ । हिन्दु धर्म-संस्कृति अपनाउने नेपाली महिलाहरुले तीज पर्व मनाउन पाउनु नै गर्वको विषय हो । यो तीजमा विवाहिता छोरीहरुले माइतीघर गई दु:ख-सुख साट्ने, मीठोमसिनो खाने परम्परा थियो र छ पनि ।

व्रत र अनुष्ठान : महिलाहरूले प्राय: तीजको समयमा उपवास बस्छन्, जुन धेरै कठोर हुन सक्छ । तिनीहरू खाना र पानीबाट टाढा र हन सक्छन् वा केवल फलफूलमा आफ्नो आहार सीमित गर्न सक्छन् । यो व्रतलाई आफूलाई शुद्ध पार्ने र भक्ति देखाउने माध्यमको रूपमा लिइन्छ ।

क्रमश: पृष्ठ-३....

# मजदुर आन्दोलनले राहुघाटको निर्माण प्रभावित

म्याग्दी/नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको निर्माण कार्य सुस्ताएको छ । भारतीय सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी) का मजदुरहरुले समयमा पारिश्रमिक नपाउँदा म्याग्दीको बहुप्रतिक्षित राहुघाट जलविद्युतको बाँध, सुरुङ र विद्युतगृह निर्माण कार्य सुस्ताएको हो ।

आयोजना प्रमुख राज बहादुर बिष्टले सिभिल ठेकेदारका मजदुरहरुको आन्दोलनका कारण निर्माण कार्य प्रभावित बनेको बताए । 'केही महिनायता सिभिल ठेकेदार जेपीका मजदुरहरुले काम छोडेर जाने र भएकाले पनि कार्यस्थलमा ताला लगाएर आन्दोलन गरेका छन्', उनले भने, 'आयोजनाका तर्फबाट भुक्तिनामा समस्या छैन ।' निर्माण कम्पनीको आन्तरिक समस्याका कारण मजदुर तथा कर्मचारीहरुले समयमा ज्याला पाउन नसकेको आयोजना प्रमुख विष्टले बताए ।

जेपीका करिब सात सयजना मजदुरहरु राहुघाटमा कार्यरत छन् । सुरुङ निर्माण रोकेर आन्दोलनमा उत्रिएका मजदुर र निर्माण कम्पनीका प्रतिनिधिहरूबीच शुक्रबार भएको छलफलमा समयमै पारिश्रमिक दिने प्रतिबद्धता भएपछि



शनिबारदेखि निर्माण कार्य सञ्चालन भएको जेपीका वरिष्ठ व्यवस्थापक राम सिंहले बताए ।

हरेक महिनाको तलब अर्को महिनाको १५ तारेखमा दिने गरेको थियो । यस पटक एक महिनाको तलब भुक्तानी गर्न ढिलाइ भएकाले मजदुरहरू समस्यामा परेका छन् । शुक्रबार जुलाई महिनाको तलब भुक्तानी गरिएको र अगस्त महिनाको आगामी २० तारेखभित्र पारिश्रमिक भुक्तानी गर्ने सहमति भएपछि आन्दोलन फिर्ता गरेर मजदुरहरु काममा फर्किएको व्यवस्थापक सिंहले बताए ।

भारतीय आयात-निर्यात (एक्जिम) बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋृण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्ससँग २०७४ मङ्सिरमा सम्झौता भएको थियो ।

गत साउन १५ गते जोडिएको छ हजार दुई सय ७० मिटर लामो सुरुङलाई कङ्क्रिट र विद्युत् गृहको पूर्वाधार निर्माणको काम भइरहेको छ । बाँध निर्माण स्थलमा बाढी आएर थुप्रिएकाले असारयता निर्माण भएको छैन । ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ ।

सिभिलतर्फको समग्रमा भौतिक प्रगति करिब ६० प्रतिशत रहेको आयोजना प्रमुख विष्टले बताए । वि.सं २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाएको छ । इलेक्ट्रोमेकानिकलतर्फको २५ प्रतिशत भौतिक प्रगति भएको छ ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्र्याक्ट (इपिसी) प्रारुपमा राहुघाट जलबिद्युत आयोजना निर्माण अघि बढाइएको थियो ।

पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना विसं २०७० मा सकिनुपर्ने थियो । पहिले ३२ मेगावाटमा डिजाइन गरिएकामा पछि आठ मेगावाट बढाएर ४० मेगावाट पुर्‍याइएको हो । रघुगङ्गा गाउँपालिका-४ दग्नाम र ५ नं वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण भइरहेको छ ।

बेनी-जोमसोम-कोरला सडकको घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एकवटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सिधा सडकले जोडिएको छ । आगामी साउनभित्र राहुघाटको परीक्षण उत्पादन गर्ने लक्ष्य राखिए पनि सिभिल ठेकेदार कम्पनीमा देखिएको आर्थिक सङ्कट चुनौती बनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# '१२ गाउँ'को 'सिनेमा हेर्न जाउँ'गीतमा समीर र सोनूको नृत्य

काठमाडौं/आगामी असोज २४ गते (दशैंको फूलपातीको दिन)बाट प्रदर्शनमा आउन लागेको अभिनेता विराज भट्टको दोस्रो निर्देशकीय फिल्म '१२ गाउँ'को पहिलो गीत सार्वजनिक भएको छ । 'सिनेमा हेर्न जाउँ' बोलको गीतमा फिल्मका डेब्यु अभिनेता समीर भट्ट र भारतीय टेलिभिजन सिरियलकी अभिनेत्री सोनू चन्द्रपाल नृत्य गर्दै प्रस्तुत छन् । सार्वजनिक गीतमा उनीहरुको प्रेम देखाउन खोजिएको छ ।



अर्जुन पोखरेलको शब्द रचना तथा संगीत रहेको गीतमा भारतीय गायक नाकाश अजिजको स्वर छ । 'जबरा फ्यान', 'सारी के फल सा', 'पुष्पा पुष्पा' जस्ता चर्चित गीत गाइसकेका नाकाशले यसअघि नेपाली फिल्म 'रावायण'को शीर्ष गीतमा समेत स्वर दिएका छन् । '१२ गाउँ'को गीत आकर्षक सेटमा खिचिएको छ भने समीरको नृत्य छरितो देखिन्छ । यो गीतका कोरियोग्राफर सुनिल क्षेत्री हुन् ।

फिल्ममा समीरका साथै विराज भट्ट स्वयं पनि मुख्य भूमिकामा छन् । पूर्व मिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का, मोडल सनिशा भट्टराई, मुरलीधर, दीया मास्के, अर्जुन जंग शाही, कनिज कोइराला, नरेन खड्का, कृष्ण भट्ट, सोनु चन्द्रपाल, कालु राना, शुलेमान शंकर (इकु), भिष्म जोशी, तारा शर्मा, स्टन्ट सिल्भा (साउथ फिल्मका चर्चित कलाकार) लगायतको पनि '१२ गाउँ'मा अभिनय छ ।

फिल्ममा महेश पौडेलको छायांकन, अर्जुन पोखरेल र निरज सिंहको संगीत, रामजी लामिछाने र सुनिल क्षेत्रीको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ भने विराज स्वयंको कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन छ । यसमा द्वन्द्व निर्देशन साउथका स्टन्ट सिल्भाले गरेका छन् । उनले साउथका ५० बढी फिल्ममा द्वन्द्व निर्देशन गरिसकेका छन् ।

# 'रुकुम मैकोट' गीतको प्रभाव : जापान र कोरियामा बिक्री भयो 'खुस्मा'

काठमाडौं/संविधान दिवसको विदा पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'खुस्मा' यतिबेला 'रुकुम मैकोट' गीतका कारण चर्चामा छ । १२ दिनमा युट्युबमा लगभग ३० लाखले गीत हेरिसकेका छन् भने यसमा सयौंको संख्यामा टिकटक र रिल्सहरु बनेका छन् । सेलिब्रेटीहरुले समेत यो गीतमा भिडियो बनाइरहेका छन् । जसले गर्दा फिल्मको लोभलाग्दो रुपमा हाइप बनेको छ ।

यही गीतका कारण फिल्मको विदेशमा समेत माग बढ्न थालेको छ । यसैबीच, जापान र दक्षिण कोरियाका लागि फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको छ । यी दुई देशमा आकर्षक मूल्यमा फिल्म बिक्री भएको निर्देशक अशोक थापा मगरले जानकारी दिए । अन्य केही देशका लागि पनि यतिबेला कुरा भइरहेको उनले बताए । विदेशमा फिल्मको माग बढिरहेकोमा उनले खुसी व्यक्त गरे ।

निर्देशक मगर स्वयंको लेखन रहेको 'खुस्मा'मा धिरज मगर, उपासना सिंह ठकुरी, माओत्से गुरुङ, सुजाता राई, खड्कबहादुर पुन (खबपु), विजय सुब्बा, राज थापा काउचा, अस्तित्व भट्टचन, संगीता थापा मगर, अरुन मगर लगायतको अभिनय छ । द्वन्द्वकालीन समयको प्रेम कथामा आधारित भएर बनेको यो फिल्मको पहिलो गीत 'खुसीका फूल बटुलेर'लाई पनि दर्शकले रुचाएका देखिन्छ ।

# ईपीजी प्रतिवेदन बुझ्न भारतले भ्याइराखेको छैन, अब अगाडि बढ्ला : ओली

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को प्रतिवेदन भारतीय प्रधानमन्त्रीले छिट्टै बुझ्नेमा आफू आशावादी रहेको बताएका छन् ।

शनिबार आफ्नै सरकारी निवास बालुवाटारमा सूर्यनाथ उपाध्यायद्वारा लिखित पुस्तकको विमोचन गर्दै उनले ईपीजी पनि आफू र भारतीय प्रधानमन्त्री मोदीको सल्लाहमा नै बनेकाले त्यो प्रतिवेदन बुझ्नेमा आशावादी रहेको बताएका हुन् ।




"हामी बनाउने नै मान्छे, उहाँ (भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी) पनि छानिएर आउनुभएको छ । म पनि छानिएर आएको छु । दुईवटै प्रधानमन्त्री त्यही ईपीजी निर्माण गर्नेहरु नै छौं । त्यो अगाडि बढ्ला', प्रधानमन्त्री ओलीले भने ।

नेपाल र भारत दुई देशबीचका समस्या समाधान गरी सरकारलाई सिफारिस गर्न दुवै देशका ४-४ जना रहेको प्रबुद्ध व्यक्ति समूह गठन भएको थियो । उक्त समितिले प्रतिवेदन तयार पारिसकेको छ । प्रतिवेदन पहिले भारतका प्रधानमन्त्रीलाई र त्यसपछि नेपालका प्रधानमन्त्रीलाई बुझाउने सहमति भएको थियो । तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले समय दिएका छैनन् ।

शनिबारको कार्यक्रममा प्रधानमन्त्री ओलीले प्रतिवेदन बुझ्न नेपालका प्रधानमन्त्रीले समय दिन सक्ने तर अहिलेसम्म भारतले समय दिन नसकेको बताए । 'अब यता नेपालतिर त नेपालको प्रधानमन्त्रीहरु फुर्सदमा नै देखिन्छन् । म पनि यहाँ पुस्तक विमोचन गरेर हिंडेको छु । ईपीजीको रिपोर्ट बुझ्नै नभ्याउने त के हुन्छ र ! हामीहरुले चाहिं बुझ्न नभ्याएको छैन । तर भारततिरबाट अलिकति भ्याइराखेको स्थिति छैन', उनले भने ।

प्रधानमन्त्री ओलीले दुई मुलुकबीच भूराजनीतिलाई देखाएर आफ्नो निहित स्वार्थसिद्धि गर्ने काम गर्न नहुने पनि बताए । 'एउटा हाम्रो स्वार्थ र स्वार्थी कामहरु ढाकछोप गर्नका लागि हामी भूराजनीति भन्ने शब्दको आड लिन्छौं । अर्को चाहिं हाम्रो कायरपना, लुतेपना, आफ्ना कुरा भन्न नसक्ने, भूराजनीति भनेर बस्ने', उनले भने, 'यो भूराजनीति हाम्रा निम्ति कुनै कमजोरीको विषय बन्नुहुँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# १० जोडीको दाइजोमुक्त सामूहिक विवाह

धनुषाधाम/धनुषाको मिथिला नगरपालिका-२ बेलाचापीस्थित सतलोक आश्रममा दश जोडीले सामूहिक विवाह गरेका छन् ।

सन्त रामपालको ७४औं अवतरण दिवसका अवसरमा शनिबार आयोजित समारोहमा दाइजोमुक्त अन्तरजाती विवाह गरिएको अनुयायी रोशन दासले जानकारी दिए ।

सन्त रामपालको सान्निध्यमा सन्त गरिबदासद्वारा रचित अमरग्रन्थ पाठ तथा गुरुवाणीसहित १७ मिनेटमा दश नवजोडीको सामूहिक विवाह गरिएको दासले बताए ।

यहाँ शुक्रबारदेखि तीन दिवसीय महायज्ञ, अखण्ड पाठ तथा भण्डारा कार्यक्रम भइरहेको छ । तीन दिवसीय कार्यक्रमअन्तर्गत दोस्रो दिन दश जनाले विवाह र एक सय ७० जनाले रक्तदान गरेका र तेस्रो दिन आइतबार विभिन्न कार्यक्रम गरी कार्यक्रम सम्पन्न हुने जनाइएको छ ।

# *तीजको मौलिक-सांस्कृतिक...*

व्रत तथा उपवास बस्दा आफ्नो स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी गरौं । सकारात्मक सोच, असल कर्म गरी परिवार, समाज र राष्ट्र कल्याणको कामना गर्दै उल्लासका साथ व्रत तथा अनुष्ठान बस्ने गरौं ।

परम्परागत पोशाक : तीजमा महिलाहरू जीवन्त रातो साडी वा परम्परागत पोशाकहरूमा सजिन्छन् । मन तथा तनमा सकारात्मक ऊर्जा ल्याउने उज्याला रंगका पोशाकहरू पनि तीज उत्सवको महत्वपूर्ण भाग हुन् । तपाईं कति महँगा पहिरनले सजिनुभएको छ भन्दा पनि तपाईं कति योग्यता, क्षमता, दक्षता र कार्यकुशलताले सुसज्जित हुनुहन्छ ? त्यो नै तपाईंको उत्तम पहिचान हो । देखासिकी र होडबाजीमा नलागौं । शास्त्रमा नयाँ नै वस्त्र हुनुपर्छ भनेको छैन, त्यसैले समूहपिच्छे एकनासका साडी हरेक वर्ष किन्नुपर्छ भन्ने कहीं कतै उल्लेख छैन । शुद्ध र चोखा वस्त्र भए हुन्छ । संस्कार-संस्कृति झल्काई पर्व मनाउन सकिन्छ ।

गीत र नृत्य : तीजलाई परम्परागत गीत र नृत्यहरूसहित जीवन्त उत्सवहरूद्वारा चिन्ने गरिन्छ । महिलाहरू लोकगीतहरू गाउन र परम्परागत नृत्यहरू प्रदर्शन गर्न भेला हुन्छन् । यस बेला प्राय: तालबद्ध ताली र ढोल बजाउने गरिन्छ । पछिल्लो समयमा तीजका गीतमा मौलिकता हराउँदै गएको अनुभूत हुन थालेको छ । रचनात्मक, सृजनात्मक नारी चेतनाका गीतहरु गाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि सबै तहका महिलाहरुले सशक्त आवाज उठाउन आवश्यक छ ।

पारिवारिक जमघट : चाडपर्व भनेको महिलाहरू परिवार र साथीभाइसँग भेला हुने समय हो । ठूला जमघटमा महिलाहरूले चाडपर्वको खाना खाने, कथा सुनाउने र विभिन्न सांस्कृतिक गतिविधिमा भाग लिने गरेको पाइन्छ । पारिवारिक सम्बन्ध बलियो पार्ने, सद्भाव कायम राख्दै माया-ममता दर्शाउने, भावनात्मक सम्बन्ध सुदृढ गर्ने अवसरका रुपमा तीजलाई लिनु राम्रो पक्ष हो ।

जसरी पौराणिक कालदेखि चलिआएको परम्परा तीज पर्वका विविध आयामहरुलाई मध्यनजर गरी तीज पर्वको मौलिक तथा सांस्कृतिक पनलाई जोगाइराख्नुपर्दछ । यसमा हरेक क्षेत्रका सचेत वर्ग चनाखो हुनुपर्दछ । धार्मिक, सांस्कृतिक आस्थाका केन्द्र हाम्रा संस्कार, संस्कृति, परम्परालाई मर्यादित बनाएर सामाजिक, धार्मिक मूल्य-मान्यताहरुको प्रवर्द्धन गरी, मौलिकता जोगाउने गरी पर्वलाई उल्लासमय बनाऔं ।

*(साभार: न्यूज अफ नेपाल)*

# मुहूर्त गर्दै बागलुङबाट प्रकाश र स्वस्तिमाले सुरु गरे 'वसन्त'को छायांकन

काठमाडौं/फिल्म 'परदेशी २'बाट अभिनेता बनेका गायक प्रकाश सपूत अब फिल्म 'वसन्त'बाट निर्देशकको परिचय थप्दैछन् । गत बैशाखमा उनले एक टिजर भिडियोमार्फत् फिल्मको घोषणा गरेका थिए । शनिबारदेखि उनले आफ्नो गृहजिल्ला बागलुङबाट छायांकन सुरु गरेका छन् । छायांकनभन्दा अगाडि त्यहाँको धार्मिक स्थल कालिका मन्दिरमा फिल्मको मुहूर्त गरिएको थियो ।

प्रकाशसहित अभिनेत्री स्वस्तिमा खड्का लगायतले क्यामेरा, स्क्रिप्ट र क्ल्याप बोर्ड पूजा गरेका थिए । मुहूर्तपछि शान्ति पदयात्रा पनि निकालिएको थियो । बागलुङस्थित सपूतको जन्मथलो धम्जा गाउँसहितका क्षेत्रमा करिब २५ दिन फिल्मको छायांकन हुने जनाइएको छ । दशैं र तिहारको बीचमा भने काठमाडौं र तराई क्षेत्रमा छायांकनको तयारी गरिएको निर्देशक सपूतले बताए ।



सुसन प्रजापतिको छायांकन रहने फिल्ममा प्रकाश र स्वस्तिमासहित अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे, प्रभात पाल ठकुरी, खड्कबहादुर पुन, शिवांशी श्री लगायतको पनि अभिनय रहनेछ । यसमा प्रकाश स्वयंको लेखन छ भने गीत पनि उनले नै तयार पारेका छन् । तीन करोड बजेट अनुमान गरिएको फिल्मलाई आगामी चैत २२ गतेबाट प्रदर्शन गरिँदैछ ।

फिल्मको घोषणाको बेला सार्वजनिक गरिएको टिजरले वर्ण व्यवस्था र जात व्यवस्थाले पिल्सिएको एउटा तप्काको कथामा 'वसन्त' बन्न लागेको जानकारी गराउँछ । प्रकाशको पात्र (वसन्त) लाई लेखनप्रति रुचि देखिन्छ, जो विश्वकर्मा परिवारका हुन् । स्वस्तिमा भने कथित माथिल्लो जातकी युवती (शान्ति)को भूमिकामा छिन् । प्रकाश र स्वस्तिमाको प्रेमलाई पनि फिल्मले देखाउनेछ ।

# बाँदर आतङ्कबाट जोगाउन काष्ठफल खेती

स्याङ्जा/बाँदर आतंकले सताउन थालेपछि स्याङ्जाका कृषक वैकल्पिक खेतीतर्फ आकर्षित भएका छन् । जिल्लाको गल्याङ नगर पालिकाका कृषकले परम्परागत रूपमा लगाउँदै आएका धान, मकै गहुँ, तरकारीबाली छोडेर बाँदरले नखाने काष्ठफलको खेतीतर्फ आकर्षित भएका छन् । गल्याङ नगरपालिकाले बाँदरले नखाने वैकल्पिक खेतीका रूपमा कागती, सुन्तला, एभोकाडो, मेकाडेमिया नटलगायतका खेतीगर्न कृषकलाई प्रोत्साहन गरेको छ । यहाँका कृषक्ले स्वत:स्फूर्त रूपमा उखु, सयपत्रीफूल, अदुवा, बेसार, ड्रागन फ्रुटलगायतका खेतीगर्दै आएका थिए ।

विसं २०७८ को राष्ट्रिय कृषि गणनाअनुसार गल्याङ नगर पालिकाभित्र चार हजार ४२ हेक्टर जमिन खेती योग्य छ । हाल यहाँ एक हजार पाँच सय १९ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिएको छ । बाँदरले सताउन थालेपछि कृषक धान, मकै, गहुँ खेतीतर्फ आकर्षित हुन सकेका छैनन् । गल्याङ नगर पालिका-५, रुपाखानीका कृषक चन्द्रबहादुर रानाचित्रले बाँदरले हैरानपार्न थालेपछि धान, मकै गहुँ फलाउने खेतमा कागती, उखु, सयपत्रीफूल खेती गर्दै आएको बताए । उनी विगत पाँच वर्षदेखि व्यवसायिक रूपमा बाँदरले नखाने काष्ठफल र अन्य खेतीगर्दै आएका छन् ।

'बाउबाजेले धान, मकै, कोदो छर्ने गरेको खेती छोडेर पाँच वर्षदेखि सयपत्री र कागती खेती गर्दै आएको छु । मेरो उत्पादन देशका विभिन्न सहरमा पुग्छ', उनले भने, 'गएको वर्षदेखि उखुसमेत लगाउन थालेको छु । परम्परागत खेतीभन्दा तेब्बर आम्दानी दिएको छ ।'

गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले नगरपालिकाभित्र बाँदर आतङ्क बढेकाले कृषकलाई बाँदरले क्षति नगर्ने बालीलगाउन सुझाव दिएको बताए । उनले बाँदर नियन्त्रणका लागि केन्द्र र प्रदेश सरकार समेतले ठोस योजना बनाउन नसकेको अवस्थामा गल्याङ नगरपालिकाले बाँदरले नखाने प्रजातिका काष्ठफललाई प्राथमिकता दिएको सुनाए ।

'लामो समयसम्म उत्पादन दिने, पहाडी भेगका लागि हावापानी मिल्ने, एक पटक हुर्काइसकेपछि धेरै मेहनत गर्नु नपर्ने, उत्पादनलागत कम लाग्ने काष्ठफल लगाउन कृषकलाई प्रेरित गरेका छौं', उनले भने, 'विश्वास छ काष्ठ फल खेतीले यहाँका जनतालाई आत्मनिर्भर बनाउँदै जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्छ ।' यता गल्याङ नगरपालिकाे 'काष्ठ फल उत्पादन' कार्यक्रमलाई पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल आयोजना (नाफा)ले सहयोग गर्दै आएको छ । नाफा आयोजना गल्याङकी प्राविधिक समीक्षा न्यौपाने संस्थाले कागती, सुन्तला, एभोकाडो, मेकाडेमिया नट खेतीमा सहयोग गर्ने बताइन् ।

'नर्सरीदेखि लिएर फलफूलको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र उत्पादित फलफूलको मूल्य अभिवृद्धि गर्ने काममा नाफा प्रोजेक्टले सघाउने छ', उनले भने, 'यहाँ आवेदन दिएका कृषक्ले २० रोपनी एक हेक्टर क्षेत्रफलमा सूचिकृत फलफूल रोप्नुपर्ने हुन्छ । सर्त पूरा भएका कृषक्ले पचास प्रतिशत अनुदान प्राप्त गर्न सक्ने छन् ।' न्यौपानेका अनुसार गल्याङमा यो योजना आउने पाँच वर्षसम्म चल्ने छ ।

नाफा आयोजनाले कागती, सुन्तला, एभोकाडो खेतीका लागि किसानलाई अनुदानको व्यवस्था समेत गरेको छ । यो आयोजना सम्पन्न गर्नका लागि एसियाली विकास बैङ्क र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम र नेपाल सरकारको ऋृण तथा अनुदान व्यवस्थापनमा देश भरका एक सय स्थानीय तहका लागि नौ करोड ३४ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन भएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# बागमतीमा करको दर र दायरा बढाउन अध्ययन समिति

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ बागमती प्रदेश सरकारले करको 'दर र दायरा'लाई फराकिलो बनाउन अध्ययन समिति गठन गरेको छ । प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले सरकारको आन्तरिक आय असाध्यै कमजोर भएको भन्दै राजस्व संकलन वृद्धि गर्न दर र दायरा फराकिलो बनाउने अभियान सञ्चालन गर्न लागेको हुन् ।




मन्त्री काफ्लेले सरकारको आन्तरिक आय बढाउनका लागि आर्थिक ऐन २०८१ मा भएको व्यवस्था लागूगर्न प्रदेशको राजस्व सम्बन्धी अध्ययन समिति गठन गरेका हुन् । समितिको संयोजकमा मन्त्रालयका सचिव कृष्ण मैनाली संयोजक रहेका छन् । समितिमा मन्त्रालयका बजेट योजना तथा कार्यक्रम महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख, राजस्व तथा वित्त व्यवस्थापन महाशाखा प्रमुख, आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख, मन्त्रालयका कानुन अधिकृत र राजस्वक्षेत्रमा अनुभव हासिल गरेका मन्त्रालयबाट मनोनित विज्ञ दुईजना रहने व्यवस्था छ ।

समितिमा राजस्व व्यवस्थापन शाखाका अधिकृतलाई सदस्य सचिव जिम्मेवारी तोकिएको छ । समितिले चालु आर्थिक ऐनलाई पूर्णरुपमा लागू गराउने र आर्थिक वर्षको आर्थिक ऐनलाई कसरी समानुकूल बनाउने भन्ने विषयमा मन्त्रालयलाई सुझाव दिनेछ । प्रदेश सरकारले वर्षेनि ठूलो आकारको बजेट ल्याउँदै गर्दा राजस्व संकलनमा भने उल्लेख्य वृद्धि भएको छैन । जसको कारणले गर्दा बजेट कार्यान्वयनमा समस्या आउने अवस्था सिर्जना भइरहेको छ ।

विशेषत प्रदेशमा घर जग्गा रजिष्ट्रेशन 'मालपोत' र सवारी साधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । मन्त्रालयको तथ्याङ्कअनुसार दुवै शीर्षकबाट आर्थिक वर्ष २०८०/८१ मा १४ अर्ब राजस्व संकलन हुने अनुमान गरिएकोमा ११ अर्ब ६० करोड ७६ लाख ५० हजार मात्र राजस्व संकलन भएको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा करिब ६४ अर्ब ५४ करोड रुपैयाँ बराबरको बजेट ल्याएको छ । जसमध्ये करिब २७ अर्ब ५८ करोड रुपैयाँ आन्तरिक स्रोतबाट संकलनबाट खर्च व्यहोर्ने स्रोतका रुपमा उल्लेख छ ।

# थाहामा खानेपानीको 'हाउस कनेक्शन' सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ मा निर्माणाधीन पालुङ वृहत् खानेपानी आयोजनाको 'हाउस कनेक्शन' अर्थात घरमा निजी धारा जडान कार्य सुरु भएको छ । मुख्य पाइपलाइनमा पानी वहाब परीक्षण पश्चात् धारा जडानकार्य सुरु गरिएको हो ।



यसअघि शिखरकोट बजारक्षेत्रमा केही धारा जडानको कार्य भएकोमा २१ भदौमा जेसीजमार्ग अन्तर्गतका घरहरुमा धारा जडान गरिएको हो । मुख्य पाइपलाईन विस्तार भएको क्षेत्रमा क्रमश: धारा जडानकार्य संचालन गरिने समितिकी शकुन्तला गोपालीले जानकारी दिइन् । योजनाअन्तर्गत मुख्य पाइपलाईन (३२ एमएमसम्मको) विस्तार निर्माण कम्पनीका तर्फबाट र बाँकी घर सम्मको लाइन (२५ एमएम) बाहेक २० एमएमको पाइप खरिद र खन्नेपुर्ने कार्य ग्राहकले गर्नुपर्ने समितिले जनाएको छ ।

'हाउस कनेक्शन'का लागि आवश्यक प्लम्बिङ खर्च नगर पालिकाले बेहोर्ने र सामान भने घर धनीले खरिद गर्नुपर्ने जनाइएको छ । यसैबीच हाउस कनेक्शनका लागि प्लम्बिङ सेवा लिन थाहानगर खानेपानी व्यवस्थापन बोर्डले प्लम्बरहरु सूचीकृत गरी सार्वजनिक गरेको छ । सूचना प्रकाशित गरी प्लम्बर सूचीकृत भएका हुन् । हाउस कनेक्शनका लागि सूचीकृत प्लम्बरलाई काम लगाउँदा घरधनीले ज्याला दिनुनपर्ने समितिले जनाएको छ । समितिले पायक पर्ने प्लम्बरमार्फत हाउस कनेक्शन गर्नका लागि ग्राहक्लाई अनुरोध गरेको छ ।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, थाहा नगरपालिका र उपभोक्ताको संयुक्त लगानीमा निर्माणाधीन पालुङ वृहत खानेपानी आयोजनाको करिब ८० प्रतिशत काम सम्पन्न भएको छ । बाँकी काम आउँदो मंसिरसम्म सक्नुपर्ने नेपाल सरकारसँग सम्झौता छ ।

# मनहरीमा प्रधानाध्यापकमाथि कुटपिट

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/राक्सिराङ गाउँपालिका-८, स्थित श्री माध्यमिक विद्यालयका प्रधानाध्यापक तिलकबहादुर विकमाथि मनहरीमा कुटपिट भएको छ ।

मनहरी गाउँपालिका-७ विजौना कल्लेखोल्सा नजिकै उनीमाथि २१ भदौ शुक्रबार साँझ कुटपिट भएको हो । राक्सिराङ गाउँपालिका-८ दम्सिदी बस्ने ३२ बर्षका साजन पाखिनले प्रधानाध्यापक विकलाई कुटपिट गरेका हुन् । मोटरसाइकलमा आएका पाखिनले बिकलाई हेलमेटले प्रहार गरी मोटरसाइकल नै छाडेर भागेको बताइएको छ । गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ-५ चैनपुरबाट कार्यालयको काम सकेर फर्कने क्रममा रहेका विकलाई पाखिनले आक्रमण गरी घाइते बनाएका हुन् ।

यसैबीच, विकमाथि भएको आक्रमणको राक्सिराङ गाउँपालिकामा क्रियाशील सबै शिक्षक संगठनले संयुक्त विज्ञप्ती प्रकाशन गरी भर्त्सना गरेका छन् । उनीहरुले शिक्षणजस्तो पवित्र पेशामा अहोरात्र खटिएका शिक्षकको सुरक्षा र सम्मान सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै दोषीमाथि कडा कारबाहीको माग गरेका छन् ।

नेपाल शिक्षक महासंघका अध्यक्ष मिथुन रुम्बा, नेपाल राष्ट्रिय शिक्षक संगठन अध्यक्ष सुरेन्द्र लामा र नेपाल शिक्षक संघ अध्यक्ष बाबुलाल घलानले विज्ञप्ती निकालेर विकमाथिको आक्रमणले शैक्षिकप्रणाली र शैक्षिक संस्थाको सुरक्षामाथि चुनौति थपिएको उल्लेख छ ।

# ३२ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ भुटनदेवी क्लबको आयोजना र सामुदायिक सेवा उपकेन्द्र तथा सामुदायिक प्रहरी सेवा उपकेन्द्रको सहकार्यमा हेटौंडामा रक्तदान भएको छ ।

भुटनदेवी क्लबका अध्यक्ष राजु बिष्टको सभाध्यक्षतामा भएको रक्तदानमा ३२ जनाले रक्तदान गरेका छन् । हेटौंडा उपमहानगर पालिका-१० का वडाध्यक्ष फुर्वादोर्जे तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । क्लबले यसै अवसरमा राष्ट्रिय फुटबल टिममा पर्न सफल मकवानपुरका खेलाडी छिरिङ लामालाई सम्मान गरेको थियो ।

कार्यक्रममा सामुदायिक प्रहरी सेवाउपकेन्द्र हेटौडा बसपार्कका अध्यक्ष प्रदीप कँडेल, जिल्ला खेलकुद विकास समिति मकवानपुरका निवर्तमान अध्यक्ष भेष खड्की, जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टीकाराम लामा, राष्ट्रिय फुटबल खेलाडी अञ्जन बिष्ट, मानव अधिकारकर्मी शर्मिला श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

# मोटरसाइकल दुर्घटनामा परेर बागमतीका बजुको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ मकवानपुरको बागमती गाउँपालिका-४ का २२ वर्षीय प्रवीण बजुको सिन्धुली मदन भण्डारी राजमार्गमा सिन्धुलीतर्फ जाँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा मृत्यु भएको छ ।

दुर्घटनामा परी वागमती गाउँपालिका-५ का २१ वर्षीय भेषबहादुर गोले गम्भीर घाइते छन् । गोलेले चलाएको बा प्र ०३-००५ प ९८६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई शुक्रबार दिनको ४ बजेको समयमा सिन्धुलीको हरिहर पुरगढी गाउँपालिका-२, रतनपुरमा दुर्घटना भएकोथियो । दुर्घटनामा गम्भीर घाइते भएका बजु र गोलेलाई उपचारका लागि हेटौंडा ल्याइएको थियो ।

हेटौंडस्थित मकवानपुर सहकारी अस्पतालमा उपचारको क्रममा बजुको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । गम्भीर घाइते गोलेको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# हिमालयन राइडर्स सोसाइटीको अध्यक्षमा राजु

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ हिमालयन राइडर्स सोसाइटीको अध्यक्षमा राजु थापामगर चयन भएका छन् । शनिबार हेटौंडामा भएको दोस्रो साधारणसभाबाट तीनवर्षे कार्यकालका लागि मगर अध्यक्षमा चयन भएका हुन् । उनको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति गठन गरिएको छ ।




सोसाइटीको उपाध्यक्षमा बुद्धराम श्रेष्ठ र जीतेन्द्र महतो, महासचिवमा ईश्वर पाण्डे, सचिवमा दामोदरप्रसाद ढुंगाना र कोषाध्यक्षमा लक्ष्मीचरण श्रेष्ठ चयन भएका छन् । सदस्यमा नवराज नेपाल, विश्वास सापकोटा, अशोक जोशी, धर्मराज पाण्डे, दुर्गाप्रसाद लामिछाने, आशिष थापामगर र सीता श्रेष्ठ चयन भएको सोसाइटीका निर्वाचन प्रमुख चेतनाथ आचार्यले जानकारी दिएका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघका कोषाध्यक्ष सन्तोषकुमार अर्यालको प्रमुख आतिथ्यता, सोसाइटीका कार्यबाहक अध्यक्ष राजु थापामगरेको अध्यक्षतामा भएको थियो । व्यक्तिगत स्वास्थ्य, पर्यावरण, आन्तरिक पर्यटन प्रवर्द्धन, पेट्रोलियम खपतबाट हुने कार्वन उत्सर्जन न्यूनीकरणमा साइकलको ठूलो योगदान रहने प्रमुखअतिथि अर्यालले बताए । दैनिक रुपमा १०/१५ किलोमिटरको यात्राका लागि सबैले साइकल चढ्ने बानीको विकास गर्न सकेको खण्डमा समाजमा धेरै परिवर्तन देखिने अर्यालको धारणा थियो ।

सोसाइटीले ६० वर्ष उमेर पार गरेका ५ जना र मेचीमहाकाली साइकलयात्रा गर्ने मकवानपुरकी पहिलो महिला साइकलयात्री सीता श्रेष्ठलाई कदरपत्रद्वारा सम्मानीत गरेको छ । दुईपटक मेचीमहाकाली साइकलयात्रा गर्ने ६० वर्ष उमेर पार गरेका लक्ष्मीचरण श्रेष्ठ, एकपटक मेचीमहाकाली साइकलयात्रा गर्ने चेतनाथ आचार्य, बुद्धिबहादुर आले, ओकिलराज बानियाँ र अशोक जोशीलाई सम्मान गरिएको हो ।

कार्यक्रममा बारा राइडर्स सोसाइटीका अध्यक्ष शेषराज अधिकारी, मकवानपुरका समाजसेवी बिशालराज महत, रामबिक्रम थापा, प्रमेन्द्र महर्जन, नेलसन घलान, प्रेस सल्लाहकार भानुभक्त आचार्य लगायतको उपस्थिति रहेको थियो । साधारणसभाले दुईजना उपाध्यक्ष रहनेगरी विधान संशोधन गर्ने निर्णय गरेको छ । सोसाइटीको नवनिर्वाचित कार्यसमितिको बैठक आगामी सोमबार साँझ ५ बजे बस्ने निर्णय भएको अध्यक्ष थापा मगरले जानकारी दिएका छन् ।

# बकैया खोलाले फेरि बगायो २८ वर्षीय युवक

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/बकैया खोलाले नानुमाया तितुङ बगाएको हप्ता दिन नबित्दै फेरि एक युवकलाई बगाएको छ । बकैया खोलाले बगाउँदा रौतहटको पौराई गाउँपालिका-२ घर भएका २८ वर्षीय अकल माझी बेपत्ता भएका छुन ।

माझीलाई ससुराली जाने क्रममा खोला तर्दा शुक्रबार दिउँस बगाएको मकवानपुर प्रहरीले जनाएको छ । मकवानपुर बकैया गाउँपालिका-६, जसपालस्थित फास्टट्र्याकमा काम गर्दै आएका माझी शुक्रबार दिउँसो २ बजे ससुराली हिँडेका थिए । उनी बकैया-६ जुइना जानलाई बकैया खोलातर्ने क्रममा बाढीले बगाएको र हालसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले बताए । यसअघि मकवानपुरको बकैया खोलाले बगाएर आइतबार बेपत्ता भएकी नानुमायाको शव गत सोमबार कोल्बीमा फेला परेको थियो ।

बाराको निजगढ बजारबाट बकैया-६ स्थित घर फर्कनलाग्दा गत आइतबार खोलातर्ने क्रममा बकैयाखोलाले बगाएर नानुमाया बेपत्ता भएकी थिइन् । बारा कोल्बी नगरपालिका-२ स्थित बकैयाखोलाको किनारमा बकैया-६ की ३६ वर्षीया नानुमायाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

यस कम्पनीको मिति २०८१/०४/१४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ३१ बमोजिम २०८१/०४/२१ गते कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक कम्पनी छिन्चु इङ्लिस बोर्डिङ्ग स्कुल (प्रा.लि. नं. २०९७५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदी परिवर्तित यस छिन्चु इङ्लिस बोर्डिङ्ग स्कुल (प्रा.लि. नं. २०९७५) भेरीगंगा नगरपालिका-१२, सुर्खेत, कर्णालीले सकार्ने व्यहोर्ने गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
**Madan Bhandari Academy of Health Sciences**

*(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७३ अन्तर्गत स्थापित)*

हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

## सूचना ! सूचना ! सूचना !

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आइतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**

१. E.H.S. ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजेदेखि ६:०० बजेसम्म
३. E.H.S. ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसुतिरोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नसा तथा हार्डजोर्नी रोग ओ.पि.डी.
- अन्य
  - भिडियो X-ray सेवा
  - प्याथोलोजी सेवा

३. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन

**पुनश्च:** सार्वजनिक बिदाको दिनहरुमा E.H.S. ओ.पि.डी. सेवा संचालन हुने छैन ।






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना